# उपउच्चायुक्तको उद्घाटन मन्तब्य

## *महिलाविरुद्ध नागरिकतासम्बन्धी विभेदकारी प्रावधानहरूलाई आगामी संविधानमा सम्बोधन गर्ने रणनीतिहरूसम्बन्धी गोलमेच कार्यक्रम*

काठमाडौं – २०६८ वैशाख ६

राष्ट्रिय महिला आयोग

(प्रकाशन-प्रसारणपूर्व परीक्षण)

**United Nations**
**Office of the High commissioner for Human Rights in Nepal**
**OHCHR - Nepal**

राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष नैनकला थापाज्यू, माननीय आयुक्तहरू, संविधानसभाका माननीय सदस्यहरू तथा विशिष्ट पाहुनाहरू,

यसै वर्ष मार्च ७ (फागुन २३) को १००औं अन्तर्राष्ट्रिय महिला दिवसको पूर्वसन्ध्यामा सुरु भएको राष्ट्रिय महिला आयोगको "नागरिकतामा रहेका लैङ्गिक विभेदको अन्त्य गर" भन्ने एक वर्षे अभियानको एउटा अङ्गका रूपमा आयोजित **महिलाविरुद्ध नागरिकतासम्बन्धी विभेदकारी प्रावधानहरूलाई आगामी संविधानमा सम्बोधन गर्ने रणनीतिहरूसम्बन्धी गोलमेच कार्यक्रम**मा यहाँ उपस्थित हुन पाउँदा म अत्यन्त खुसी छु।

विश्वका कतिपय अन्य देशहरूमा झैं, नेपालका राष्ट्रियता तथा नागरिकतासम्बन्धी कानुनी अवधारणाहरू महिलाविरुद्ध पक्षपातपूर्ण रहेका छन्। नेपालको अन्तरिम संविधान, २०६३ मा व्यवस्था गरिएको समानताको प्रावधानका बाबजुद, नागरिकता सम्बन्धमा महिलाहरूको समान अधिकारको मुद्दा वर्तमान संविधान लेखन प्रक्रियाको सर्वाधिक विवादास्पद र सबैभन्दा बढी बहस भएको राजनीतीकृत मुद्दा रहँदै आएको छ। राष्ट्रिय सार्वभौमसत्ता *विरुद्ध* महिलाको नागरिकतासम्बन्धी समान अधिकारमाथिको बहस यसको केन्द्रविन्दुमा रहेको छ।

महिलाको हैसियत प्रायः पुरुषहरूसँग उनको सम्बन्धबाट निर्धारण हुने गर्छ, जसको पति भएबाट प्राप्त हुने संरक्षण वा कानुनी संरक्षणअन्तर्गत उनी रहेकी हुन्छिन्। यस अवधारणालाई निरन्तर चुनौती दिइए तापनि नेपाललगायत विश्वका विभिन्न भागमा यो अझै विद्यमान रहेको छ। पुरुषहरूको मात्र आफ्नो पूर्ण कानुनी हैसियत भएको हुनाले पुरुषका विशेषाधिकार तथा शक्तिमा आधारित भएमात्र पूर्ण सार्वभौमसत्ताले सम्पन्न राष्ट्र-राज्यको निर्माणलाई सुनिश्चित गर्न सकिन्छ भन्ने विश्वाससँग यस्तो अवधारण गाँसिएको छ। तर, त्यस्तो बुझाइले वस्तुतः महिलाहरूलाई परिवर्तन ल्याउने तथा प्रतिरोध गर्ने कर्ता भन्दा पनि कुनै इच्छा, कार्य वा निर्णय गर्ने क्षमता नभएको "वस्तु"का रूपमा गिराउँछ र महिलाहरूलाई पूर्ण कानुनी व्यक्तित्व तथा अधिकारबाट वञ्चित गर्नमा योगदान पुऱ्याउँछ।

महिलाविरुद्ध विभेद उन्मूलनसम्बन्धी समिति (सिड्अ) तथा बालअधिकारसम्बन्धी समिति (सीआरसी) लगायतका संयुक्त राष्ट्रसङ्घीय सन्धि निकायहरूले २०६३ को अन्तरिम संविधानभन्दा अघिल्लो २०४७ को संविधानका धारा ९(१), (२) र (५) लगायत नेपालको वर्तमान कानुनी संरचनाले नागरिकताको क्षेत्रमा महिलाविरुद्धको विभेदलाई छुट दिएकोमा बारम्बार चिन्ता व्यक्त गरेका छन्। साथै, नेपाल सरकारलाई यी सन्धिका पक्षराष्ट्रको हैसियतले उल्लिखित सन्धिका सम्बद्ध

प्रावधानहरूको पूर्ण पालना हुने कुरा सुनिश्चित गर्न सम्बद्ध कानुनहरूमा संशोधन गर्न आह्वान पनि गरेका छन्।

दुर्भाग्यवश, नागरिकतासम्बन्धी प्रस्तावित मस्यौदामा रहेका प्रावधानले नेपालका महिलालाई अझै पनि तिनको आफ्नै स्वतन्त्र पहिचान रहेको र आफ्ना पतिहरूबाट स्वतन्त्र रहेर नागरिकता प्राप्त गर्ने तथा हस्तान्तरण गर्ने क्षमता भएको नठानिएको सङ्केत गर्छ। यसले महिलाको आफ्ना अधिकारको पूर्ण उपभोगमा मात्र नभई बालबालिकालगायत तिनका परिवारजनका अधिकारमा समेत प्रतिकूल प्रभाव पार्दछ।

कुनै विभेदकारी प्रावधान रहेमा तिनमा संशोधन गर्न तथा नेपालको अन्तर्राष्ट्रिय दायित्वअनुरूप समानता तथा अविभेदको सिद्धान्तलाई सम्मान गर्न संविधानसभाको संवैधानिक समितिले नयाँ संविधानको प्रस्तावित मस्यौदामा रहेका नागरिकतासम्बन्धी प्रावधानहरूको समीक्षा गर्नु अत्यावश्यक छ। नयाँ संविधान लेखन कार्यले महिलालाई आफ्ना छोराछोरीमा नागरिकता हस्तान्तरण गर्ने अधिकारलगायत नागरिकतासम्बन्धी महिलाका अधिकारलाई कानुनी रूपमा स्वीकार गर्ने एक अमूल्य अवसर प्रदान गर्दछ। महिलाको समान अधिकारको प्रत्याभूति गर्ने नयाँ संविधान नेपाली समाजमा समानताका लागि आधारशिला हुनेछ जुन जनआन्दोलनको मूल “मन्त्र” रहेको थियो।

आजको यस गोलमेचको जोड महिलाको समानता तथा अविभेदको अधिकार एवं नेपालले पालना गर्न प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत प्रत्याभूत अन्य अधिकारको दृष्टिकोणबाट आउँदो संविधानमा प्रस्तावित नागरिकतासम्बन्धी प्रावधानहरूको समीक्षा गर्नु हो। महिलाविरुद्ध सबै प्रकारका विभेद उन्मूलनसम्बन्धी समिति (सिड्अ)ले जनाएझैं, “समाजमा पूर्ण सहभागिताका लागि नागरिकता अत्यावश्यक हुन्छ।”

यस छलफलले संविधानसभाको महिला ककस, संविधानसभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, नेपालको सशक्त तथा जीवन्त नागरिक समाज तथा उच्चायुक्तको कार्यालयलगायतका संयुक्त राष्ट्रसङ्घीय निकायहरूद्वारा नेपालमा महिलाहरूको नागरिकतासम्बन्धी समान अधिकारका लागि जारी वकालतलाई सहयोग पुऱ्याउने तथा त्यसलाई सुदृढ पार्ने लक्ष्य लिएको छ। नागरिकता प्राप्त गर्ने, कायम राख्ने तथा हस्तान्तरण गर्नमा समान अधिकारलगायतका महिला अधिकारहरू वास्तविकतामा परिणत गर्ने र तिनलाई राष्ट्रिय खाकामा पूर्ण रूपले समाहित गर्ने कुरा सुनिश्चित गर्न थप रणनीतिहरू बनाउनु तथा सशक्त साझेदारीको निर्माण गर्नु आवश्यक छ।

विगत चार वर्षदेखि उच्चायुक्तको कार्यालय-नेपाल राष्ट्रिय महिला आयोग (आयोग)सँग लैङ्गिक विभेद, महिलाविरुद्ध हिंसा तथा लैङ्गिक समानतासँग सम्बन्धित संयुक्त वकालती, अनुगमन तथा अनुसन्धानहरूमा संलग्न रहेको छ। त्यसबाहेक, महिलाविरुद्ध हिंसासम्बन्धी इन्डोनेसियाली आयोग, *कोम्नास पेरुम्पुआम*सँग हालै भएको आदानप्रदान कार्यक्रमलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू दुवैसँगको साझेदारीलाई सुदृढ तुल्याउन उच्चायुक्तको कार्यालयले आयोगलाई सहयोग गरेको छ। उच्चायुक्तको कार्यालयमा हामी आयोगसँगको हाम्रो साझेदारीलाई सुदृढ गर्ने अन्य त्यस्ता अवसर खोज्न इच्छुक छौं।

आजको गोलमेचले नेपालको आउँदो संविधानमा समान नागरिकताको महिला अधिकारलाई सुनिश्चित गर्नेतर्फ थप कार्य गर्न रणनीतिहरू खोज्न तपाईंहरूलाई मद्दत गर्नेछ भन्ने म आशा गर्दछु। उच्चायुक्तको कार्यालय यस महत्त्वपूर्ण प्रक्रियामा सहयोग गर्न पूर्ण रूपले प्रतिबद्ध रहेको छ र म छलफलहरू सुन्न, तपाईंका अनुभवबाट सिक्न तथा यस पहलको परिणाम हेर्न उत्साहित छु।

धन्यवाद।